नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २८५ २०८१ साल असार ६ गते बिहीबार (20 June 2024 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : 'मधेसमा जतातत‍ै सपेता :.. ३ पृष्ठमा : नागरिकता नहुँदा हरवाचरवा... ३ पृष्ठमा : अधिकारकर्मीको तत्काल...

## रुपनी गाउँपालिकाको नीति तथा कार्यक्रम

# शिक्षक र विद्यार्थीलाई विद्यालयमा मोबाइल प्रयोगमा निषेध




**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

सप्तरीको रुपनी गाउँपालिकाले आगामी आ.ब. २०८१/८२ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । बुधबार गाउँपालिकाको पाँचौं गाउँसभाले नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो । नीति तथा कार्यक्रम सार्वजनिक गर्नेमा रुपनी गाउँपालिका जिल्लाको १८ वटै पालिक मध्ये पहिलो बनेको छ ।

पाँचौं गाउँसभामा उपाध्यक्ष पुष्पा श्रेष्ठ लौगिले आगामी आ.ब. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गरिन् ।

वार्षिक नीति तथा कार्यक्रममा कृषि, शिक्षा, स्वास्थ्य, धार्मिक पर्यटन र सिचाई जस्ता क्षेत्रलाई प्राथमिकता दिइएको छ । प्रस्तुत नीति तथा कार्यक्रममा गाउँपालिकाको प्रत्येक वडाका एक/एक वटा आधारभुत विद्यालयमा कक्षा १ देखी ३ सम्म अंग्रेजी माध्यमको पढाई र त्यसका लागि आवश्यक पूर्वाधार तथा जनशक्तिको व्यवस्था, विपन्न समुदायका प्रत्येक वडाबाट पाँच/पाँच जना बालबालिकाको छनौट गरि अभिभावकत्व ग्रहणसहित उनीहरुको पढाईमा लाग्ने सम्पूर्ण खर्च पालिकाले व्यहोर्ने उल्लेख छ ।

यस्तै कक्षा १ देखी १० कक्षासम्म अध्ययनरत विद्यार्थीहरुको परिक्षा शुल्क निशुल्क गरिने, कक्षा कोठामा शिक्षक र विद्यार्थीलाई मोबाइल प्रयोगमा निषेध गरिने र पालिका भित्र १८ वर्ष मूनीका बालबालिकालाई सूर्तीजन्य पदार्थ र मादक पदार्थ बिक्रि बितरणमा रोक लगाइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

गाउँपालिका भित्र अतिक्रमित सम्पूर्ण सार्वजनिक जग्गा खाली गराउँदै लगिने, नदी कटान रोक्न बायोइन्जिनियरिङ प्रणालीको अवलम्वन, पालिकाको सबै वडामा फ्रि वाइफाई सेवा तथा किसानलाई कृषि मिटर दिने व्यवस्थालाई निरन्तरता लगायतका कार्यक्रम पनि नीति तथा कार्यक्रममा समेटिएको छ ।

सो अवसरमा प्रमुख अतिथि पूर्वमन्त्री महेश प्रसाद यादवले स्थानीय सरकार संचालन ऐनले तोकेको समयसीमा भित्रै गाउँपालिकाले नीति तथा कार्यक्रम ल्याएकोमा प्रशंसा गर्दै यसको प्रभावकारीताका साथ कार्यान्वयन हुनु पर्नेमा जोड दिए ।

उनले रुपनी गाउँपालिकालाई प्रदेश सरकारबाट आवश्यक पर्ने सहयोगका लागि आफूले पनि पहल गर्ने प्रतिबद्धता समेत जनाए । उनले साक्षर प्रदेश बनाउनका लागि सबैभन्दा पहिला स्थानीय पालिकाबाटै अभियान सुरु गर्नुपर्ने बताए । स्थानीय पालिकाहरुले विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गराउनेतर्फ अग्रसर हुनुपर्नेमा जोड समेत दिए ।

प्रदेशका पूर्व शिक्षा मन्त्री समेत रहेका सांसद यादवले प्रदेशलाई साक्षर बनाउनेतर्फ प्रदेश सरकार अग्रसर भइसकेको अवस्थामा यस अभियानलाई सबै पालिकाहरुले सहयोग गर्नु पर्नेमा जोड दिए ।

गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले संघीय र प्रदेश सरकारबाट प्राप्त हुने बजेट, आन्तरिक आम्दानी, दातृनिकाय एवं विभिन्न संघसंस्थाबाट उपलब्ध हुने श्रोत अनुमान विवरणका आधारमा नीति तथा कार्यक्रम तयार पारिएको जनाए ।

उनकै अध्यक्षता तथा मधेश प्रदेशका सांसद एवं पूर्व शिक्षा, संस्कृती मन्त्री महेश प्रसाद यादवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा पत्रकार महासंघका सभापति श्रवण देवले पत्रकारिता क्षेत्रको विकासका लागि गाँउपालिकाले आवश्यक बजेट बिनियोजन गर्नुपर्नेमा जोड दिए ।

# विपद् व्यवस्थापनका लागि मिलेर अगाडि बढौँः मुख्यमन्त्री सिंह

जनकपुर, ५ असार (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले बालबालिकालाई विपद् व्यवस्थापनसम्बन्धी शिक्षा, ज्ञान र चेतना अभिवृद्धि गर्नुपर्ने बताउनुभएको छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालय मधेस प्रदेशले जनकपुरधाममा मंगलबार आयोजना गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१ कार्यशाला तथा अन्तर्क्रियामा मुख्यमन्त्री सिंहले युवा र बालबालिकालाई विपद् व्यवस्थापनसम्बन्धी तालिम दिन आवश्यक रहेको बताउनुभयो । त्यसका लागि विद्यालयस्तरबाट नै शिक्ष्ष तथा ज्ञानबारे जानकारी दिन आवश्यक रहेकामा उहाँको जोड थियो । "मैले यस्ता धेरै तालिम देखेको छु तर त्यहाँ युवा तथा बालबालिकाको धेरै उपस्थिति पाइनँ । विद्यालयस्तरका बालबालिका तथा युवाले भोलिको भविष्य निर्धारण गर्ने हुँदा यस्ता तालिममा उहाँहरूको सहभागिता हुन आवश्यक छ", मुख्यमन्त्री सिंहले भन्नुभयो ।

आफू गाउँपालिका अध्यक्ष हुँदाको अनुभव सुनाउँदै उहाँले विगतमा गैरसरकारी सङ्घसंस्थाको भरमा विपद् व्यवस्थापन प्रतिकार्य कार्यक्रम हुँदैआएको पाइएकाले प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमाफर्त गैरसरकारी संस्थासहितको सहकार्यमा विपद् व्यवस्थापन गर्ने व्यवस्था गरिएको उल्लेख गर्नुभयो । मुख्यमन्त्री सिंहले भन्नुभयो, "आउनुस् हातेमाले गरेर मधेसमा काम गरौँ, तपाईंहरूसँग सहकार्य गर्न मधेस प्रदेश तयार छ । मधेस प्रदेशमा भइरहेका विपद् जोखिम न्यूनीकरण गद पीडितहरूलाई मिलेर सहयोग गरौँ ।"

तराई मधेसमा जाडोमा शीतलहर र अत्यधिक जाडो, गर्मीमा 'लु' रोग तथा आगलागी र बर्सातमा चट्याङ तथा बढीजस्ता समस्याले सधैँभरि सताइरहेको बताउनुहुँदै यस्ता विपद्लाई न्यूनीकरण गर्न सङ्घबाट बाझिएको कानुनलाई फुकाउन आवश्यक रहेको मुख्यमन्त्री सिंहले जिकिर गर्नुभयो ।

यस्तै, राष्ट्रिय विपद् जोखिम

***बाँकी अन्तिम पृष्ठमा***

# न्युनतम एक व्यक्तिलाई एक सय दिन रोजगारी दिनेमा सबै पालिका चुके

**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

स्थानीय पालिकाहरुले न्युनतम एक व्यक्तिलाई एक सय दिन रोजगारी दिने कार्यमा चुकेका छन् ।

रोजगार विज्ञ रामआधार यादवले संघ, प्रदेश र स्थानीय सरकारले न्युनतम रोजगारीका लागि दलित, वेपत्ता परिवारका सदस्य, सहिद परिवारका सदस्य, विपन्न, गरिब लगायतको परिवारका सदस्यलाई प्राथमिकताका साथ रोजगारी दिनुपर्ने हो तर, सबै चुकेको बताए ।

राजविराज नगरपालिकाको आयोजनामा बुधबार आयोजित रोजगारी रणनीति योजना तर्जुमा कार्यशाला गोष्ठीमा रोजगार विज्ञ यादवले प्रस्तुत गरेको कार्यपत्रमा रोजगारीको अवसर सृजनाका लागि एक करोड भन्दा मुनीको ठेक्कापट्टामा मेसिनबाट काम नगरी मानवबाटै काम गराउने सरकारी प्रावधान रहेकोमा यसप्रति कोही गम्भिर नभएको बताए । उनले यी विषयमा तीनै तहका सरकार गम्भिर हुनु पर्नेमा जोड समेत दिए ।

रोजगारको अवसरलाई प्रोत्साहन गर्न नसक्दा मुलुकबाट बाहिरनेको संख्या बढ्दै गएको



उनले बताए । तीनै तहका सरकारले न्युनतम रोजगारको व्यवस्था मिलाउन नसक्दा सप्तरीबाट वर्षेनी ३ देखी ३ दशमलब २ प्रतिशतसम्म जनता बिदेशिने गरेको जनाए ।

सारथी नेपाल नामक संस्थाका प्रबन्धक समेत रहेको

***बाँकी अन्तिम पृष्ठमा***

# पालिकाका प्रमुखहरुलाई १२ बुँदे घोषणापत्र

**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

बाल अधिकार सुनिश्चितताको लागि हाम्रो अभियान मुल नारा रहेको घोषणापत्र बुधबार बिभिन्न पालिकाका प्रमुखहरुलाई हस्तान्तरण गरिएको छ ।

जिल्ला बाल क्लवका अध्यक्ष सलमा खातुनको नेतृत्वमा सप्तरी जिल्लाका १८ वटै पालिकाका प्रमुखहरुलाई १२ बुँदे घोषणा पत्र हस्तान्तरण गरिएको हो ।

नगरसभा, गाँउसभामा बालवालिकालाई प्राथमिकतामा राखि नीति तथा कार्यक्रमहरु समावेश गर्ने उद्देश्यका साथ



बुधबार खडक नगरपालिका तथा सुरुङगा नगरपालिकाका नगर प्रमुखलाई घोषणा पत्र हस्तान्तरण गरिएको जनाइएको छ ।

उक्त अवसरमा दुवै पालिकाका नगर स्तरीय बाल क्लवका सदस्यहरु तथा सबल नेपालका कर्मचारीहरु सहभागि रहेको थियो ।

सबल नेपालको विशेष पहल एवं सप्तरी जिल्ला बाल क्लव तथा पूर्व बाल क्लव सदस्यहरुद्धारा गत जेष्ठ २० र २१ गते जिल्लाको राजविराजमा प्रथम जिल्ला सम्मेलनको आयोजना गरी १२ बुँद घोषणा पत्र जारि गरिएको थियो ।

## सम्पादकीय

### मिसावटप्रति ध्यान पुगोस्

विभिन्न खाद्यान्नहरुमा मिसवाट बढ्दै गएको छ । चामल, दाल, तरकारी, गेडागुडी, मासु, दुधमा समेत मिसावट बढ्दै गएको हो । यति मात्र नभएर पेट्रोल, डिजेल, मदिरा, मिठाई सहितका सामानमा पनि मिसावट भइरहेको छ । स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरुमा खुल्लेआम मिसाबट हुँदै आएको छ। २० किलोको प्याक भएको चामल खरिद गर्दा झण्डै ४ देखी ५ सय ग्रामसम्म अखाद्य वस्तु अर्थात साना साना ढुंगाका टुक्राहरु मिसावट हुने गरेको छ। खसीको मासुमा बाख्राको मासु, तोरीको तेलमा अन्यको तेल, दुधमा पर्याप्त पानी र कमी भए अखाद्यय पाउडर, खुर्सानीको धुलो र बेसारको धुलोमा इँटाको धूलो मिसाइने गरिएको पाइएको छ ।

यस्तै हरियो तरकारीलाई आकर्षक र ताजा बनाउन अत्यधिक तरकारीको रंग जस्तै अन्य रंगको प्रयोग हुँदै आएको छ । व्यक्तिको स्वास्थ्यमा नकारात्मक असर पार्ने रंगको प्रयोग हरेक किसिमको हरियो तरकारीमा व्यापारीहरुले गर्दै आएका छन् । यसर्थ खाद्यान्न खरीद गर्दा उपभोक्ताले सुरुमै चेकजाच गरेर मात्र खरीद गर्नुपर्छ ।

यदी लगातार खाद्यवस्तुमा मिसाबट भइरहने हो भने व्यक्तिको स्वास्थ्यमा गम्भिर असर पर्नेछ । तसर्थ उपभोक्ताको स्वास्थ्यसँग खेलवाड गर्नेलाई कानुनी कारवाहीका साथै सम्बन्धीत निकायले पनि उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गरि अनुगमनलाई समेत प्राथमिकता दिनु आवश्यक छ ।

# 'मधेसमा जताततै सपेता : पानी बेपत्ता'

**गोपालप्रसाद बराल**

महोत्तरी, ५ असार (रासस) ।

मधेसका धेरैजसो ठाउँमा घुऱ्यानदेखि खेतबारीका आलीमा इक्युलिप्टिस वनस्पति लगाइएका देखिन्छन् । करिब चार दशक पहिलेदेखि खोजीखोजी लगाइएको यो वनस्पतिले जग्गा रुखो बनाउने र आसपासमा पानीका स्रोत सुक्न थालेका भन्दै अहिले विरोध गर्न थालिएको छ ।

यो वनस्पतिलाई मधेशमा बोलीचालीमा सपेता, भिक्स र मसाला पनि भनिन्छ । पहिले खोजीखोजी यो वनस्पति लगाउनेहरूले नै अहिले पानीका स्रोत सुक्न थालेको भन्दै विरोध गर्न थालेका हुन् ।

"बौवा, अई ठाम कइटा भूल छल, जहिया स मसाला रोपाक हुर्कैत गेला एम्भर सब भूल सुखागेल(बाबु, यहाँ कति जरुवा पानीका मूल थिए, रोपिएका मसालाका रुख हुर्कदै गएपछि जरुवाका मूल सबै सुके)", आफ्नो बस्तीको पुरानो बडहरी जलाधार भएको ठाउँ देखाउँदै महोत्तरीको भङ्गाहा-४ रामनगरका ७० वर्षीय शेष जव्वार भन्नुहुन्छ, "आब जल्दी यी नइ हटाओल गेल त पियवाला पाइन आब नई भेटत (अब चाँडै यो हटाइएन भने केही दिनपछि खानेपानी भेटिने छैन) ।"

जव्वारमात्र होइन यहाँका धेरैले मधेशमा पानीको सङ्कटका धेरै कारणमध्ये एक मसाला पनि रहेको बताउन थालेका छन् । आफ्ना बस्तीका जोकाहा, भुताहा, झिल, टोका, पलारसहितका कैयौँ जरुवा पानीका मूल देख्दादेख्दै सुकेका भङ्गाहा-४ कै ८० वर्षीय चौठी बाँतर बताउनुहुन्छ । "पानीका मूल सुक्ने अरु कारण पनि होलान्, यो पढेलेखेकाहरूले बताउलान् तर एउटा कारणचाहिँ यो मसालाको रुख नै हो", उहाँले भन्नुभयो ।

मधेसमा केही दशक पहिले स्थानीयलाई आयआर्जनमा प्रोत्साहित गर्न वनसम्बद्ध निकाय र विभिन्न सङ्घसंस्थाले 'आइरआइरमें सपेता, गरिबी सब बेपत्ता' (आलीआलीमा सपेताः गरिबी सबै बेपत्ता) भन्दै यो वनस्पति रोप्ने लहर नै चलेको थियो । सुरूमा विसं २०४० को दशकमा महोत्तरीसहितका चारकोसे झाडीभित्रको पूर्वपश्चिम राजमार्गदेखि दक्षिण भागमा सरकारी निकायले नै साल, कर्मासहितका रुख कटाएर मसाला रोपेपछि यो अमूल्य चिज नै हो भन्ने आममान्छेमा परेको थियो ।

"सरकार आफैँले साखुका रुख ढालेर भिक्स रोप्न लाग्यो, हामीलाई लाग्यो, यो खास चिज हो, देखासिकीले हामीले पनि बिरुवा मगाएर रोप्यौं, आज यही समस्याको कारण बन्यो", बर्दिबास-१२ बिजलपुराका ७५ वर्षीय रामसुन्दर ठाकुरले भन्नुभयो, "चारैतिरका इनार, पोखरी र जरुवा पानीका मूल सुके । एक समयमा 'आइरआइरमें सपेता, गरिबी सब बेपत्ता' भन्ने नारा अब जहाँ सपेता, त्यहाँ पानी बेपता भनेजस्तै भएको छ ।"

चाँडै हलक्क बढ्ने हुँदा काठको माग आपूर्तिमा सहज हुने र त्यतिखेर विद्युत पोल ( खाँबा) का लागि पनि उपयोगी हुने अभिप्रायसाथ विदेशबाट झिकाएर रोपण गरिएको थियो । रौतहट, सर्लाही र महोत्तरीसम्म फैलिएको सागरनाथ वन विकास परियोजनाको १३ हजार ५०० हेक्टर क्षेत्रफलमध्ये अधिकांश भागमा २०३५ सालदेखि सरकारले मसाला रोप्न थालेको थियो । त्यही सिको गरेर यसभेगका स्थानीयले घुऱ्यानदेखि खेतबारीसम्म मसाला लगाउन थालेका गौशाला-१० लक्ष्मीनियाँका ७० वर्षीय लक्ष्मीप्रसाद महतो बताउनुहुन्छ । कालान्तरमा मसाला वरदान नभएर जमिनमुनिको पानी सोसेर जग्गा मरुभूमि बनाउने अभिशाप बनेको उहाँको भनाइ छ ।

यस भेगमा अहिले सर्वसाधारणमात्र नभएर स्थानीय तह, सामाजिक सङ्घसंस्था र विज्ञहरू समेत मसालाविरुद्ध जनमत बनाउन र यी रुख हटाएर अन्य बिरुवा रोपण गर्नुपर्ने अभियानमा जोडिएका छन् । धनुषाको धनुषाधाम र मिथिला नगरपालिकाको नगरसभाले त मसाला मास्ने र खाली हुने ठाउँको माटो विज्ञबाट परीक्षण गराइ उपयुक्त बिरुवा रोपण गर्ने औपचारिक निर्णय नै गरिसकेका छन् ।

"जताततै पानीका मुहान सुक्नुमा मसालाको रुख पनि कारण रहेको विज्ञहरूले बताए, त्यसैले पानीको थप सङ्कट बढ्न नदिन मसालाका रुख उखेल्ने निर्णय गरिएको हो । अब माटो परीक्षण गरेरमात्र नयाँ बिरुवा रोपिनेछन्", मिथिलाका उपप्रमुख सुनितासिंह बुढाथोकी रासससँग भन्नुभयो । अब स्थानीयको मागअनुसार मसालाका रुख उखेल्न यान्त्रिक उपकरणको बन्दोबस्त गर्ने तयारी गरिएको बुढाथोकीले जानकारी दिनुभयो ।

मधेसका खोल्साखोल्सी, इनार, पोखरी, तालतलैया र चापाकल सुक्दै गएर पानीको हाहाकार बढेसँगै यहाँ मसालाका रुखबारे बढेको आमधारणासँग विज्ञपनि सहमत छन् । चुरे तथा जलाधार विज्ञ डा विजयकुमार सिंह दनुवार पानीका मुहान सुक्नुमा विश्वव्यापी जलवायु परिवर्तनलगायत यस्तै मानवसिर्जित समस्या रहेका बताउनुहुन्छ । "मानव सिर्जित समस्यामा वन विनास, चुरे क्षेत्रको अनियन्त्रित उत्खनन र जलाधारक्षेत्रको अतिक्रमण मुख्य कारण हुन् । मसाला रुख पनि पानीको स्रोतका मुहान सुक्ने कारण भएको बारे अहिले व्यापक अभिमत बढेको छ", डा सिंहले भन्नुभयो । यसबारे थप अध्ययन गर्न आवश्यक रहेको डा सिंहको भनाइ छ ।

चुरे तथा जलाधार विज्ञ नागदेव यादवले पनि इक्युलिप्टिस पानीका स्रोत सुक्ने कारणमध्ये एक भएको बताउनुभयो । एउटा वयस्क इक्युलिप्टिसको रुखले दैनिक ८७ लिटर पानी सोस्ने विज्ञबाट पुष्टि भएको उहाँले बताउनुभयो । "पानीका स्रोत सुक्नुका धेरै कारण छन्, यसमध्ये मसालाका रुख मुख्य कारण हुन् । यी रुख जतिसक्यो चाँडो हटाउँदा राम्रै हुन्छ", उहाँ भन्नुहुन्छ," मसालाको रुखले जमिनमुनिको पानी निकै सोसेपछि पानीको सतह गहिरिँदै गएर सङ्कट बढेकामा धेरै सत्यता छ । यसले उर्वराशक्ति घट्दै गएर उब्जाउ जग्गा पनि वञ्जड बनेका छन् ।"

अमेरिकाको नेसनल लाइब्रेरी अफ मेडिसिनले मसालाका रुखका पातमा एसिडको मात्रा हुने हुँदा माटोको उर्बराशक्ति ह्रास हुने र यसले जमिनमुनिको पानी धेरै सोस्ने निष्कर्ष निकालेको पनि डा यादवले जानकारी दिनुभयो । परिस्थितिक तथा जैविक प्रणालीको दृष्टिले यो रुखले अरुको अस्तित्व स्वीकार नगरेको स्पष्ट देखिएको हुँदा मधेसबाट यो रुखलाई तत्काल विस्थापित गरिनुपर्ने आवाज बलियो बन्दै गएको उहाँले बताउनुभयो । " मसालाका रुखमा न चराचुरुङ्गीका गुँड देखिन्छन्, न किरा फटचाङ्ग्रा लाग्छन्", यादव भन्नुहुन्छ, "त्यसैले यो सन्तुलित पर्यावरणको बाधक छ ।"

सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घ (युएन) को फुड एण्ड एग्रीकल्चर अर्गनाइजेसनले गरेको अध्ययनमा चार सय मिलिलिटर (एमएल) देखि एक हजार दुई सय एमएलसम्म वार्षिक वर्षा नहुने ठाउँमा यो रुख लगाउन दिन नहुने सुझाव दिइएको यादवले उल्लेख गर्नुभयो ।

मसालाको रुखले अक्सिजन प्रवाहमा पनि खासै योगदान नदिने विज्ञ बताउँछन् । अष्ट्रेलियाका जलवायु विज्ञ एलन रुटले पनि आफ्नो एक आलेखमा यो रुख पानीका स्रोतका लागि प्रतिकूल हुने उल्लेख गर्नुभएको छ । अष्ट्रेलियाको सिमसार र भासिने हिलो भएको ठाँउलाई सुख्खा बनाउन यो रुख लगाइएको उक्त आलेखमा उल्लेख छ । इक्युलिप्टिस अष्ट्रेलियाकै तास्मिनिया टापुमा विकास भएको वनस्पति मानिन्छ ।

अष्ट्रेलिया, ब्राजिल हुँदै संसारका ५० भन्दा बढी देशमा यो रुख लगाइएको विज्ञले बताएका छन् । अष्ट्रेलिया र ब्राजिल दुवै देशका सिमसार क्षेत्रमा यो रुख लगाइएपछि ती ठाउँ सुक्खा भएका जानकारहरू बताउँछन् ।

नेपाल सरकारका पूर्वसहसचिब रामबहादुर भुजेल विभिन्न अध्ययनले समेत लाभदायी नभएको निष्कर्ष निकालेका रुख मधेशमा ल्याउनु नै गलत भएको भज्न्दै अब यसको विकल्प खोज्न जरुरी रहेको बताउनुहुन्छ । "मधेशमा पानीका स्रोत सुकेर निकै समस्या आइसकेको छ । त्यसैमा यहाँ उपयुक्त नहुने रुख रोपेर पानी सङ्कटलाई थप योगदान गर्ने काम भएको छ । अब यसको साटो यहाँको माटो सुहाँदा अन्य वनस्पति र फलफूल रोपणमा जोड दिन आवश्यक छ", भुजेलले भन्नुभयो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

# नागरिकता नहुँदा हरवाचरवा अवसरबाट बञ्चित

रुपनी (सप्तरी), ५ असार (रासस)। सप्तरीको रुपनी गाउँपालिका-१ रायपुरका ६२ वर्षीया चुनरदेवी सदा हालसम्म नागरिकताबाट वञ्चित हुनुहुन्छ। उहाँले नागरिकताका लागि स्थानीय जनप्रतिनिधि र कर्मचारीलाई गुहार्दै आउनुभएको छ। सदाका श्रीमान् रामप्रसादको १० वर्षअघि नै मृत्यु भइसकेको छ। नागरिकता नहुँदा उहाँ सामाजिक सुरक्षा भत्ताबाट पनि वञ्चित हुनुहुन्छ।

"सरकारले एकल महिलालाई मासिक सामाजिक सुरक्षा भत्ता दिने गरेको छ", चुनरदेवी भन्नुहुन्छ, "मसँग नागरिकता नहुँदा त्यो सुविधाबाट वञ्चित छु।" नागरिकता बनाउन वडा कार्यालयबाट सिफारिस बनाए पनि जिल्ला प्रशासन कार्यालयले श्रीमान् र बुबा-आमाको नागरिकता मागेको उहाँ बताउनुहुन्छ।

चुनरदेवी भन्नुहुन्छ, "श्रीमान्को नागरिकता त छ, तर मसँग बुबा-आमाको नागरिकता छैन।" बुबा-आमाका बितेको करिब २० वर्ष भइसकेकाले नागरिकता आफुसँग उपलब्ध नभएको उहाँ बताउनुहुन्छ। नागरिकता नपाउँदा चुनरदेवीका २५ वर्षीय छोरा सञ्जीवलाई समस्या भएको छ।

"नेपालमै जन्मिएँ, यहीं हुर्किएँ। तर हालसम्म नागरिकता पाउन सकेको छैन", सञ्जीव भन्नुहुन्छ, "घरको मूल व्यक्ति आमासँग नै नागरिकता नहुँदा समस्या भएको हो।" नागरिकता नबन्दा सञ्जीवले सात वर्षीय छोराको जन्मदर्ता प्रमाणपत्र बनाउन सक्नुभएको छैन।

रुपनी-२ लौवापारका बिलट सदा पनि नागरिकताबाट वञ्चित हुनुहुन्छ। सानै उमेरमा बुबा-आमा गुमाएकाले आफू नागरिकताबाट वञ्चित हुनुपरेको उहाँको भनाइ छ। नागरिकताका लागि सबै निकायलाई गुहारे पनि अझै पाउन नसकेको बिलट गुनासो गर्नुहुन्छ।

"आर्थिक अवस्था असाध्यै कमजोर छ, परिवार पाल्न धौंधौं छ", बिलट भन्नुहुन्छ, "तर ऋण माग्न साहुमहाजनदेखि बैंकसम्म पुग्दा सबैले पहिला नागरिकता माग्छन्, नागरिकता नहुँदा ऋणसम्म पाउन सकिरहेको छैन।" उहाँको पनि नागरिकताका लागि वडाबाट सिफारिस भइसकेको छ। तर जिल्ला प्रशासन कार्यालयले बुबा-आमाको नागरिकता माग्दा बिलटले दिन सक्नुभएको छैन।

"दाजुको मृत्यु भइसकेकाले सनाखत गर्न भाउजु फुलबतीदेवी र भतिज रामलगन तयार हुनुहुन्छ, तर यसले पनि समस्या समाधान हुन सकेको छैन।" उहाँको नागरिकताको पहल गरिदिन वडाध्यक्षसहितको टोली जिल्ला प्रशासन कार्यालय पुगेपनि नागरिकता बन्न सकेन।

"नागरिकता नबन्दा १२ वर्षीय छोरा दिले र १० वर्षीय पवनको जन्मदर्ता बनाउन सकिएको छैन", बिलटले भन्नुभयो।

स्थानीय २८ वर्षीया सङ्गीतादेवी सदाले पनि अझै नागरिकता पाउन सकेकी छैनन्। सिरहा माइत भएकी उहाँको स्थानीय उमेश सदासँग विवाह भएको हो। "श्रीमान्को नागरिकता बनेको छ", उहाँ भन्नुहुन्छ, "तर जिल्ला प्रशासन कार्यालयले श्रीमान्को नागरिकतासँगै बुबाको पनि माग्छ, बुबा गणेश सदाको नागरिकता आगलागीमा परेर जलेर नष्ट भयो, बुबाको मृत्यु भइसकेकाले झन समस्या भएको छ, बुबाको मृत्युदर्ता बनाउन फोटो चाहिने भयो, तर उहाँको फोटो छैन, कहाँबाट ल्याएर दिनु ?।" बुबाको नागरिकता वा मृत्युदर्ता नहुँदा नागरिकता बनाउन नसकेको उहाँको भनाइ छ।

नागरिकता नभएपछि गाउँमा गठन हुने महिला समूहमा आबद्ध हुन नपाएको सङ्गीतादेवी बताउनुहुन्छ। "अन्य सेवा सुविधाबाट पनि वञ्चित छु", उहाँले भन्नुभयो। जन्मेपछि कानुनी रूपमा राज्यको नागरिकको फेहरिस्तमा नाम जोडिनुपर्छ तर बुबाआमाको नागरिकता नहुँदा सन्तानको पहिचान सङ्कटमा छ।

नागरिकताको सिफारिसका लागि जन्मदर्ता खोजे तर आफ्नो जन्मदर्ता नभएको रुपनी-६ का दीपेन्द्र सदा बताउनुहुन्छ। नागरिकता नहुँदा समाज र समुदायबाट अलग हुनुपरेको उहाँको भनाइ छ। "नागरिकताकै अभावमा गाउँस्तरमा बन्ने कुनै पनि समूहमा सदस्यता पाउन सकिरहेको छैन। राज्यले उपलब्ध गराउने हरेक सेवासुविधाबाट वञ्चित हुनुपरेको छ।"

रुपनी गाउँपालिकाका चुनरदेवी, बिलट, सङ्गीता र दीपेन्द्र मात्र होइन, सो गाउँपालिकाका विभिन्न वडाका दलित बस्तीमा नागरिकताको समस्या यथावत छ। वडामा जन्मदर्ता, विवाहदर्ता र नागरिकताको समस्या पाइएपछि 'द फ्रिडम फण्ड'को सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीले व्यक्तिगत घटना दर्तासँगै नागरिकता र जन्मदर्ता बनाउने अभियान थाल्ने तयारी गरेको छ।

श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता पुनम चौधरीका अनुसार अधिकांश दलित बालबालिका जन्मदर्ताकै अभावले पढाइबाट वञ्चित छन्। प्रमाण जुटाउन नसक्दा जन्मदर्ता र नागरिकताको सिफारिस गर्न कठिनाइ भइरहेको रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले बताउनुभयो।

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**रुपनी गाउँपालिकाको कार्यालय, सप्तरी**

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालविवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको विवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानुनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# विश्व समाचार

## अधिकारकर्मीको तत्काल रिहाइ गर्न चीनसँग अमेरिकाको माग

वासिङ्टन डिसी, ५ असार (रासस/एएनआई)। संयुक्त राज्य अमेरिकाले स्वतन्त्र पत्रकार र महिला अधिकारकर्मी हुवाङ जुएकिन (सोफिया हुवाङ) साथै श्रम अधिकारकर्मी वाङ जियानबिङलाई अन्यायपूर्ण सजायको दिइएको भन्दै उनीहरूको तुरुन्त रिहा गर्न बेइजिङसँग आग्रह गरेको छ। "हामी चीनलाई हुवाङ र वाङका साथै आफ्नो मौलिक स्वतन्त्रताको प्रयोग गरेको आरोपमा अन्यायपूर्ण रूपमा हिरासतमा राखिएका अन्य व्यक्तिलाई तुरुन्तै रिहा गर्न आग्रह गर्दछौं," अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यू मिलरद्वारा हस्ताक्षरित एक विज्ञप्तिमा भनिएको छ।

चिनियाँ प्रशासनले लामो समयसम्मको अनुसन्धान र परिक्षणपछि हुवाङलाई पाँच वर्ष तथा वाङलाई तीन वर्ष र छ महिनाको जेल सजाय सुनाएको हो। यसबाहेक, अमेरिकी विदेश विभागले चीनलाई अभिव्यक्ति र निष्पक्ष परीक्षणजस्ता स्वतन्त्रतासहित मानव अधिकारको सम्मान गर्ने आफ्नो वाचा कायम राख्न आग्रह गरेको छ। "हामी जन गणतन्त्र चीनलाई आफ्नो अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न र अभिव्यक्ति स्वतन्त्रता र निष्पक्ष परीक्षणको सुनिश्चिततासहित मानव अधिकारको सम्मान गर्न आह्वान गर्दछौं। साथै मानव अधिकार रेकर्डको विश्वव्यापी आवधिक समीक्षाको क्रममा यस वर्ष गरिएका धेरै सिफारिसहरू स्वीकार गर्न पनि आग्रह गर्दछौं," विज्ञप्तिमा भनिएको छ।

हुवाङले चीनको मिटु आन्दोलनको समयमा यौन उत्पीडनको रिपोर्ट गर्न पीडितहरूका लागि एक सामाजिक सञ्चार प्लेटफर्म सिर्जना गर्नुभएको थियो। उहाँले विश्वविद्यालय र कार्यस्थलहरूमा यौन उत्पीडन चिन्ताको विषय भएको सर्वेक्षणहरू साझा गर्नुभएको 'द भ्वाइस अफ अमेरिका'ले जनाएको छ। सन् २०१९ मा हङकङमा भएको विरोध प्रदर्शनमा सहभागी भएको आरोपमा उहाँलाई पक्राउ गरिएको थियो। भ्वाइस अफ अमेरिकाका अनुसार, वाङ सन् २०१४ देखि श्रमिकहरूको अधिकार र अपाङ्गता भएका व्यक्तिहरूका लागि वकालत गर्दै आउनुभएको छ। अनलाइन समर्थन समूह फ्रि हुआङ जुएकिन र वाङ जियानबिङका अनुसार हुवाङले सजायविरुद्ध पुनरावेदन गर्ने योजना बनाउनुभएको छ।

## थाइल्यान्डले समलिङ्गी विवाहलाई मान्यता दिने

बैंकक (थाइल्यान्ड), ५ असार (रासस/एएनआई)। थाइल्यान्डको सिनेटद्वारा विवाहसम्बन्धी समानता विधेयक पारित गरेपछि अब देश समलिङ्गी विवाहलाई मान्यता दिने दक्षिणपूर्वी एसियाको पहिलो राष्ट्र बन्ने अल जजिराले जनाएको छ।

माथिल्लो सदनमा मङ्गलबार उपस्थित १५२ सदस्यमध्ये विधेयकको पक्षमा १३०, बिपक्षमा ४ र १८ अनुपस्थित भएसँगै विधेयक बहुमतका साथ पारित भएको हो। यो विधेयक अब औपचारिक स्वीकृतिका लागि राजा महा भाजिरालोङ्कोर्नका समक्ष प्रस्तुत गरिनेछ र शाही राजपत्रमा प्रकाशित भएको १२० दिनपछि लागू हुने अल जजिराले बताएको छ। ताइवान र नेपालपछि समलिङ्गी विवाहलाई अनुमति दिने कानुन लागू गर्ने थाइल्यान्ड तेस्रो एसियाली मुलुक हुनेछ।

समलिङ्गी अधिकारकर्मीहरूले थाईल्याण्डको यस कार्यको उच्च प्रशंसा गरेका छन्। विधेयकले पुरुष, महिला, पति र पत्नीलाई लैङ्गिक-तटस्थ शब्दमा पुनः नामाकरण गरेको छ र विवाहलाई दुई व्यक्तिहरू बिचको साझेदारीको रूपमा परिभाषित गरेको छ। थाइल्यान्डमा लेस्बियन, समलिङ्गी, उभयलिङ्गी वा ट्रान्सजेन्डर समुदायको जनसङ्ख्या बढ्दो क्रममा रहेपनि अधिकारकर्मीले वर्षौंदेखी परम्परागत विश्वासका विरुद्ध लडिरहेका थिए।

"हामी इतिहास बनाउन पाउँदा निकै गर्व गर्छौं", समलिङ्गी विवाहसम्बन्धी संसदीय समितिका सदस्य प्लाइफाह क्योका सोडलादले भन्नुभयो। अल जजिराको रिपोर्टअनुसार विधेयक पारित भएपछि राष्ट्रिय सभामा केहीले यो समुदायको समर्थनमा इन्द्रेणी झण्डा फहराउँदै गरेको देखिएका थिए। मार्चमा ४१५ संसदहरुमध्ये केवल १० ले विधेयकविरुद्ध मतदान गरेपछि यो विधेयक तल्लो सदनबाट सर्वसम्मतले पारित भएको थियो।

## भारतमा बाढीमा परी मृत्यु हुनेको संख्या ३१ पुग्यो

नयाँदिल्ली, ५ असार (रासस/सिन्ह्वा)। भारतको उत्तरपूर्वी राज्य आसाममा चलिरहेको बाढीमा परी मृत्यु हुनेको सङ्ख्या ३१ पुगेको अधिकारीले बुधवार बताएका छन्। प्रहरीका अनुसार मङ्गलबार राति आसामको मुख्य सहर गुवाहाटीबाट करिब २८१ किलोमिटर दक्षिणपूर्वमा रहेको करिमगञ्ज जिल्लाको बदरपुर क्षेत्रमा वर्षापछि आएको पहिरोमा परी एक नाबालकसहित पाँच जनाको मृत्यु भएको छ।

अधिकारीले पीडित महिला र उनका तीन छोरीको पहिचान गरिएको बताउनुभयो। भग्नावशेषबाट तीन वर्षीय बालकको शव पनि निकालिएको छ। असम राज्य विपद् व्यवस्थापन प्राधिकरण (एएसडिएमए) ले बाढीका कारण १५ जिल्लाका एक लाख ६१ हजार २०९ व्यक्ति प्रभावित भएको जनाएको छ। सबैभन्दा बढी प्रभावित जिल्ला करिमगञ्जमा एक लाख ५२ हजार १३३ जना मानिस बाढीले प्रभावित भएका छन्। बाढीले प्रभावित जिल्लाहरूको एक हजार ३७८.६४ हेक्टर बाली उत्पादन क्षेत्रलाई पनि असर पारेको छ।

"हाल ४७० गाउँ पानीमा डुबेका एएसडिएमएले जनाएको छ। स्थानीय सरकारले प्रभावित क्षेत्रमा ४३ वटा राहत शिविर र वितरण केन्द्र खोलेको छ जसमध्ये अधिकांश करिमगञ्जमा स्थापना गरिएको छ। अधिकारीले राहत शिविरमा पाँच हजार ११४ जनालाई शरण दिंदै राहत कार्य जारी रहेको बताए। तटबन्ध, सडक र पुलहरू लगायत पूर्वाधारमा भएको क्षतिको परिमाणले प्रभावित जनसङ्ख्यालाई सहायता प्रदान गर्न कठिनाइहरू बढाएको उनीहरूले बताए। गत महिना पश्चिम बङ्गाल र बङ्गलादेशको तटमा आएको चक्रवात रेमलपछि भारी वर्षाले गर्दा आसाम र मणिपुर राज्यमा क्षति पुगेको छ।

# भौतिक मन्त्रालयको बजेटप्रति सांसदहरू रुष्ट

काठमाडौँ, ५ असार (रासस) ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेटप्रति सांसदहरूले रोष व्यक्त गरेका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा विनियोजन विधेयक, २०८१ माथिको मन्त्रालयगत छलफलका क्रममा सांसदहरूले भौतिक पूर्वाधारमन्त्रीले एकलौटी ढङ्गले आफ्नो क्षेत्रमा केन्द्रित बजेट विनियोजन गरी विभेद गरेको आरोप लगाउनुभएको हो । पहुँचका आधारमा बजेट बाँडिएको र विनियोजनमा विभेद भएको भन्दै सत्तापक्षकै सांसदहरूले पनि प्रश्न उठाउनुभयो ।

सांसद तेजुलाल चौधरीले मधेस प्रदेशका जिल्लामा बजेट विनियोजनमा विभेद भएको तथा मधेस, कर्णालीलगायतका क्षेत्रलाई उपेक्षा गरिएको बताउनुभयो । उहाँले सञ्चालित आयोजना र बोलपत्र आह्वान प्रक्रियामा रहेका आयोजनाको पनि बजेट काटिएको गुनासो गर्नुभयो ।

सांसद चौधरीले सप्तरीमा एउटा पनि योजनाका लागि बजेट विनियोजन नभएको भन्दै बजेटको रातो किताब फिर्ता गर्नुभयो । सांसद प्रभु हजाराले मधेस प्रदेशमा तुलनात्मक रुपमा बजेट बढी विनियोजन भएको जिकिर गर्नुभयो । उहाँले बजेट जनताको पक्षमा रहेपनि यसलाई सन्तुलित र वस्तुनिष्ठ बनाउन जरुरी भएको बताउनुभयो ।

सांसद पूर्णबहादुर तामाङले भन्नुभयो, "समयमै विकास बजेट कहाँ-कहाँ लाने भनेर छलफल गरेको भए मंगलबार बजेटको किताब च्यात्ने र किताब बुझाउने परिस्थिति आउने थिएन होला । भौतिक पूर्वाधारमन्त्रीले आफ्नो जिल्लामा बजेट केन्द्रित गर्नुभएको छ ।"

सांसद ऐनबहादुर शाही ठकुरीले भौतिक पूर्वाधार तथा यातायातमन्त्रीले सडक पूर्वाधारले नछोएको जिल्लामासमेत बजेट विनियोजन नगरेर विभेद गरेको आरोप लगाउनुभयो ।

सांसद रामकृष्ण यादवले सीमा सुरक्षार्थ खटिने प्रहरीको सेवा सुविधालाई ध्यान दिन माग गर्नुभयो । उहाँले हुलाकी राजमार्ग चाँडो कालोपत्र गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद बद्रीप्रसाद पाण्डेले समन्यायिक विकासमाथि प्रहार गर्ने काम बजेटले गरेको तर्क गर्नुभयो । उहाँले दुर्गम र पछाडि परेका क्षेत्रलाई बजेटले सम्बोधन नगरेकाले देशलाई समृद्धिको बाटोमा लैजान बजेट सक्षम नहुने बताउनुभयो ।

सांसद महेश बर्तौलाले मकवानपुरको विकासलाई बजेटले प्राथमिकता दिन नसकेको गुनासो गर्नुभयो । चित्लाङ-थानकोट सडकमार्ग चाँडो निर्माण सम्पन्न गर्न पर्याप्त बजेट विनियोजन गर्न माग गर्नुभयो । राष्ट्रिय गौरवको आयोजना भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माणलाई गति दिन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । खुला सिमानामा तारबार लगाएर सीमालाई सुरक्षित बनाउन गृहमन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

सांसद लीलादेवी बोखिम लिम्बूले प्राथमिकताप्राप्त आयोजनालाई बजेटले प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

# अठार लाख किसान सूचीकृत

काठमाडौँ, ५ असार (रासस) ।

किसान सूचीकरण कार्यक्रममा १८ लाख किसान सूचीकृत भएका छन् । अनुदानलगायत सहायता उपलब्ध गराउन सरकारले यो कार्यक्रम ल्याएको हो ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीका अनुसार किसानबाट उत्पादित उपज, खेती गरेको जमिनको क्षेत्रफललगायत विवरणसहितको एकीकृत तथ्याङ्क सङ्कलन भइरहेको छ । राज्यबाट देशभरका किसानलाई विद्युतीय प्रणालीमार्फत सुविधा दिने तयारी भएको छ । यो विद्युतीय सूचना प्रणालीमा किसान जोडिएपछि रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापनलगायत सुविधा उपलब्ध गराउन सहज हुने छ ।

कृषि सूचना तथा प्रशिक्षण केन्द्रले समन्वय गरेको उक्त कार्यक्रममा देशभर स्थानीय तहमार्फत किसानका सूचना सङ्कलन गरिएको हो ।

विसं २०७७ फागुनमा मन्त्रिस्तरीय बैठकबाट सुरु भएको यस कार्यक्रममा आगामी वर्ष १२ लाख सूचीकृत गर्ने योजना रहेको मन्त्रालयका सूचना अधिकारी जोशीले जानकारी दिनुभयो ।

यसैबीच, उक्त मन्त्रालयले कृषि पशुपक्षी विकाससम्बन्धी सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार तथा किसान पहिचानको प्रमाणका रूपमा किसान परिचयपत्रलाई मान्यता दिने जनाएको छ । किसानलाई प्राविधिक सेवा प्रवाह गर्न निकट भविष्यमा 'मोबाइल एप्लिकेसन'को विकास गरिने जनाइएको छ ।

### विपद् व्यवस्थापनका ...

न्यूनीकरण तथा प्राविधिक व्यवस्थापन प्राधिकरणका उपसचिव तथा प्रवक्ता डा डिजन भट्टराईले विपद् जोखिम न्यूनीकरणमा प्रदेशको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले प्रदेशमा हुने विपद् व्यवस्थापन कार्यमा सहकार्यका साथ अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

### न्युनतम एक ...

रोजगार विज्ञ यादवले नेपालबाट वर्षेनी १६ लाख भन्दा बढी जनता बिदेशिने गरेको आफ्नो प्रस्तुतीकरणमा जनाएका छन् । १६ लाख मध्ये १२ लाख जनता नेपाल फर्किए पनि ४ लाख जनता अझै विदेशमै रहने गरेको उनले प्रस्तुत गरेको कार्यपत्रमा उल्लेख छ ।

उनका अनुसार ८ लाख जनता श्रमका लागि, १ लाख अध्ययनका लागि, २ लाख भ्रमणका लागि र एक लाख विभिन्न भिषामा विदेशिने गरेका छन् । त्यस्तै ठूलै संख्यामा गैरकानुनी रुपमा मानिसहरु विदेशिने गरेको तथा १५ लाखभन्दा बढी जनता छिमेकी मुलुक भारतमा बिना भिषा विभिन्न प्रयोजनका लागि जाने गरेको उनले बताए ।

सोही गोष्ठीमा रोजगार परामर्शकर्ता सन्दिप कुमार साहले मुलुकमा बढ्दो बेरोजगारी समस्यालाई ध्यानमा राखेर रोजगारीको अवसर सृजना गर्नका लागि स्थानीय सरकारबाटै पहिलो कदम उठाउनु पर्ने सुझाव दिए ।

आयोजित कार्यशला गोष्ठीमा राजविराज नगरपालिकाका रोजगार संयोजक ज्योतिष यादव, प्रमुख प्रशासकीय अधिकृत विष्णु गुरुङ, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु तथा विषयगत शाखाका प्रमुखहरुको सहभागिता रहेको थियो ।


## संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाऔं

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं,
- लोकतन्त्रको संरक्षण र प्रवर्द्धन गरौं,
- राज्यलाई जनताप्रति उत्तरदायी बनाऔं,
- कानुनी शासन सुनिश्चित गरौं,
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं,
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं,
- संविधान र कानुनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं,
- गणतन्त्रलाई जीवनशैली र संस्कारको रुपमा अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## बाढी / पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : सप्तकोशी नगरपालिका, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*